बैठक संख्या: ६७

आज मिति २०८२।१२।११ गतेका दिनको ३:०० बजे माडी नगरपालिकाको कार्यपालिकाको बैठक नगर प्रमुख श्री तारा कुमारी काजी महतोज्युको अध्यक्षतामा देहायको उपस्थितिमा तपसिल अनुसारका निर्णयहरु गरियो ।

**उपस्थिती :**

| क्र.सं. | नाम थर | पद | हस्ताक्षर |
|---|---|---|---|
| १ | तारा कुमारी काजी महतो | नगर प्रमुख | |
| २ | खेम प्रसाद महतो. | नगर उप-प्रमुख | |
| ३ | अमित कुमार लामा | वडा अध्यक्ष वडा नं.१ | |
| ४ | डण्डपाणी पौडेल | वडा अध्यक्ष वडा नं.२ | |
| ५ | पुरन महतो | वडा अध्यक्ष वडा नं.३ | |
| ६ | माधव प्रसाद चापागाइ | वडा अध्यक्ष वडा नं.४ | |
| ७ | गणेश प्रसाद विश्वकर्मा | वडा अध्यक्ष वडा नं.५ | |
| ८ | दीपेन्द्र राज पौडेल | वडा अध्यक्ष वडा नं.६ | |
| ९ | चन्द्र कुमारी बानियाँ | वडा अध्यक्ष वडा नं.७ | |
| १० | बीरेन्द्र बहादुर भण्डारी | वडा अध्यक्ष वडा नं.८ | |
| ११ | घनश्याम दवाडी | वडा अध्यक्ष वडा नं.९ | |
| १२ | रिचा सुनार | कार्यपलिका सदस्य | |
| १३ | सबिता महतो | कार्यपालिका सदस्य | |
| १४ | लक्ष्मी देबी भण्डारी | कार्यपालिका सदस्य | |
| १५ | सीता सुबेदी | कार्यपालिका सदस्य | |
| १६ | बिना थापा | कार्यपालिका सदस्य | |
| १७ | सन्तोष प्रसाद बोट | कार्यपालिका सदस्य | |
| १८ | कमल बहादुर भुजेल | कार्यपालिका सदस्य | |
| १९ | जगत प्रसाद भुसाल | प्रमुख प्रशासकीय अधिकृत | |

# ६७ औं कार्यपालिका बैठकका निर्णयहरु

निर्णय नं.१. माडी नगरपालिकाको ६६ औं कार्यपालिका बैठकका निर्णयहरुको कार्यान्वयनको समिक्षा गरियो र कार्यान्वयनको अवस्था सन्तोषजनक कार्य प्रगति पाईयो।

निर्णय नं.२. आर्थिक वर्ष २०८१।०८२ र आर्थिक बर्ष २०८२।०८३ मा कायम गरिएका करका दायराहरु स्थानीय तहको क्षेत्राधिकार भन्दा बाहिर करारोपण नगरिएको स्वघोषणा गर्ने ।

निर्णय नं.३. आ.व. २०८१।०८२ मा जिल्ला समन्वय समिति चितवन मार्फत भएका अनुगमनको प्रतिवेदन उपर छलफल गरी उल्लेख भए अनुसारका सुधारका कार्यहरु सम्पादन गर्ने ।

निर्णय नं.४. आ.व. २०८१।०८२ को स्थानीय शासन कार्यसम्पादन मूल्यांकन प्रणाली अनुसारको प्राप्त प्रारम्भिक अंकमा विस्तृत छलफल गरियो र सो प्रणाली मार्फत आएको अंकलाई स्वीकार गर्दै समन्वय समितिमा मिति २०८२।१२।१५ गते भित्र नै पेश गर्ने र सुधार गर्नुपर्ने पक्षहरुमा विस्तृतमा छलफल गरि सुधार योजना बनाई तत्काल लागु गर्ने ।

निर्णय नं. ५. बघौडा अस्पतालमा हुने पोष्टमार्टमका लागि शव ढुवानी बापत ४ किलोमिटर सम्म रु. १,५००।- र त्यसभन्दा बढि किलोमिटर भएमा प्रतिकिलोमिटर रु. ३००।- का दरले थप भाडा भुक्तानी गर्ने ।

निर्णय नं. ६. पशुपँक्षि तथा मत्स्य विकास शाखाको आ.व.२०८२।०८३ को हरियो घाँस खेति प्रवर्धन कार्यक्रमको रु. ३,००,०००।- बजेट अन्तर्गतको कार्य सञ्चालन गर्दा बहुवर्षिय घाँसको प्रतिकठ्ठा रु. ३,०००।- र एक बर्षे घाँसको रु.१,५००।- का दरले उपलब्ध गराउने ।

निर्णय नं. ७. माडी नगरपालिका वडा नं. ०१ को राष्ट्रिय आधारभूत विद्यालय रतनपुर सेरुवा र माडी नगरपालिका वडा नं. ०४ को खैरहनी मा.वि. को प्रस्तावको अनुसारको कार्य सम्झौता गरी तत्काल अगाडी बढाउने ।

प्रमुख प्रशासकीय अधिकृत

तारा कुमारी काजी महतो
नगर प्रमुख